# विराटनगर महानगरपालिका

बैठक संख्याः ५१

मितिः २०७६/८/ १६

बैठक प्रारम्भः विहान ८:०० बजे

बैठक स्थगनः   १०:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | का.वा.सदस्य | श्री कुमारी कमला कट्टेल रिजाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३१ | आ.सहयोगी | अर्जुन थपलिया | |
| | | | |

निर्णय नं. १

महानगर क्षेत्रभित्र विभिन्न स्थानमा आवश्यक सार्वजनिक शौचालय निर्माण गर्न निजी क्षेत्र तथा संघसंस्थाहरुलाई आह्वान गर्ने, यसरी निर्माण गरिने शौचालयको नमूना र सञ्चालन मापदण्ड महानगरले निर्धारण गरे बमोजिम हुने व्यवस्था मिलाउने तथा सार्वजनिक शौचालय निर्माणमा जग्गा उपलब्ध हुन कठिनाई भएको हुँदा सम्बन्धित वडाले जग्गा उपलब्ध गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

निर्णय नं. २

वैकल्पिक उर्जाको रुपमा प्रयोग गरिँदै आइएको सोलार बत्ती जडान गर्दा यसको दिगोपना नदेखिएको साथै मर्मत-सम्भार समेत नियमित गरिराख्नुपर्ने तथा तुलनात्मक रुपमा महङ्गो पर्नजाने भएको र हाल लोडसेडिङको समस्या हटी विद्युत आपूर्ती नियमित भइरहेको तथा राष्ट्रिय स्तरमा विद्युतको उत्पादन समेत बढिरहेको अवस्थालाई मध्यनजर गर्दै अत्यन्तै जरुरी भएको अवस्थामा बाहेक सोलार बत्ती जडान नगर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कार्यपालिकाको बैठक महिनामा एक पटक मात्र बस्दा सबै वडाका समस्याहरु, नीतिगत विषयहरु र योजना निर्माण तथा कार्यान्वयनका विषयहरुमा पर्याप्त छलफल हुन नसकेको हुँदा आइन्दा मासिक दुई पटक कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं. ४

विराटनगर महानगरपालिकाबाट पारित शिक्षा ऐन २०७६ बमोजिम गठन भएको नगर शिक्षा समितिमा वडा नं. ११, १५ र ८ का वडाध्यक्षहरुलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

महानगरपालिकाको सामाजिक विकास समितिको अध्यक्षमा वडा नं. ११ का वडाध्यक्ष तिर्थेन्द्र न्यौपानेलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

विराटनगर महानगरपालिकाको वडा नं.९(साविक वडा नं. १४)मा रहेको पुरानो डोमटोली(ई प्लट) मा रहेका सब्जी बजारलाई उचित व्यवस्थापनका लागि सम्वन्धित व्यवसायी विच छलफल गर्न वडा नं. ९ का वडा अध्यक्ष विश्वनाथ भगतको संयोजनकत्वमा तपसिल बमोजिमका सदस्यहरु रहेको छलफल समिति गठन गर्ने निर्णय गरियो ।

प्रतिलिपि

तपसिल :

| | |
|---|---|
| विश्वनाथ भगत,वडा अध्यक्ष,वडा नं. ९ | संयोजक |
| मधुवावु तिवारी, वडा अध्यक्ष,वडा नं. ७ | सदस्य |
| नन्दीकेशर भण्डारी,प्रमुख,राजस्व व्यवस्थापन शाखा | सदस्य सचिव |

निर्णय नं. ७

विराटनगर महानगरपालिका र रेडियो प्रसार सेवा समिति, रेडियो नेपाल वीच मिति २०७३/२/७ मा सम्पन्न समझदारी पत्र (MOU) बमोजिम निर्माण भईरहेको तारिणी प्रसाद कोईराला स्मृति संचारग्राम निर्माण लागि गठन भएको परियोजना समन्वय समितिको मिति २०७६/५/१५ को १५ बैठकको निर्णय अनुसार तारिणी प्रसाद कोईराला स्मृति संचारग्राम परियोजनाको म्याद २०७६ साल फाल्गुण मसान्त सम्म थप गर्नका साथै रेडियो नेपालले रकम उपलब्ध गराउने गरि तपसिल बमोजिमको थप निर्माण कार्य थपिएको समय सिमाभित्र सम्पन्न गर्नेगरि अन्तिम पटक म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल:

१. लिफ्ट मेशिन जडान कार्य

२. सेन्ट्रल एसी यूनिट जडान कार्य ।

३. अनलाईन हाइब्रिड यु.पि. एस. सिष्टम जडान कार्य ।

४.हट स्पट जोन जडान कार्य

५. सि.सि.टि.भि. जडान कार्य ।

निर्णय नं.८

विराटनगर महानगरपालिका वडा नं. २ को ओशो ध्यान केन्द्रको उत्तर पुर्वतर्फ रहेको ऐलानी कि.न. जग्गा ०-४-० मध्येवाट ०-२-० जमिन वडा नं. २ को वडा समितिको सिफारिश बमोजिम चित्रगुप्त छैटीमाता मन्दिर र सामुदायिक भवनको निर्माण, संरक्षण सम्वर्धन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.९

विराटनगर महानगरपालिका वडा नं.११ अवस्थित शिव मन्दिरको पश्चिमपट्टिको ऐलानी पोखरी जग्गामा साह समितिको धर्मशाला निर्माणका लागि ऐलानी कि.न. ६,२५ जग्गा मध्येवाट ०-२-० जमिन वडा नं. ११ को वडा समितिको सिफारिश बमोजिम साह समितिको धर्मशाला निर्माण, संरक्षण सम्वर्धन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १०

कोशी अस्पताल, विराटनगरमा रहेको जेनेटर विग्री मर्मत संभार गर्दा समेत संचालन हुन नसक्ने अवस्थामा रहेको हुनाले अस्पतालमा आउने सेवाग्राहीलाई सेवा प्रवाहमा कठिनाई भएकोले जेनेटर खरिदका लागि लाग्ने रु. ४० लाख मध्ये महानगरपालिकावाट रु. २५(पच्चिस) लाख उपलब्ध गराईदिन अनुरोध भए अनुसार सो रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

विगत लामो समय देखि यस कार्यालयमा ईन्जिनियर प्राविधिक छैठौ तहमा कार्यरत ई.भरत कुमार न्यौपाने, ई.अर्जुन थापा र ई. घनश्यम काफ्लेलाई २०७६ श्रावण १ गतेवाट सातौं तहमा समायोजन गर्ने निर्णयलाई अनुमोदन गरियो ।

निर्णय नं. १२

विराट राजा दरवार निर्माण समितिकावाट पेश भएको विराट राजा दरवार निर्माण सम्वन्धि प्रतिवेदन आगामि बैठकमा छलफल गरि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

तपसिल बमोजिमका कर्मचारीहरुको घरायसी कार्य परेको हुनाले कल्याण कोषवाट ऋण सुविधा मासिक तलववाट नियमनूसार कट्टा हूने गरि प्रदान गर्न सहमति प्रदान गरियो ।

१. ना.सु. भवानी अधिकारी रु. १ लाख

२. का.स. अमित कामत रु. ३ लाख

प्रतिलिपि

**निर्णय नं. १४**

आ.व. २०७६/०७७ को वार्षिक नीति कार्यक्रम तथा वजेटमा संलग्न देहाय अनुसारका कार्यक्रमलाई देहाय अनुसार संशोधन,परिमार्जन र समायोजन गरिएको छ ।

| सि.न. | वडा नं. | खर्च शिर्षक | साविक योजना | रकम रु. | संशोधन गरिएको योजना | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | | शैलेश मन्दिर निर्माण | ३ लाख | शनिमार्ग नाला निर्माण | ३ लाख | |

**निर्णय नं. १५**

फोहोरमैला व्यवस्थापनका लागि बुढीगंगा गांउपालिकामा विराटनगर महानगरपालिको स्वामित्वमा रहेको जग्गा तत्काल उपयोगमा ल्याउन स्थानीय बासिन्दाको कारण सम्भव नदेखिएको हुदां फोहोरमैला व्यवस्थापनको कार्य ल्याण्डफिल साईड नहुंदा चुनौतिपूर्ण हुन गएको छ । एशियाली विकास बैंकले समेत ल्याण्डफिल साईड उपलब्ध गराएमा उक्त परियोजना र सो परियोजना सम्म पुग्ने सडक तथा अन्य पूर्वाधारहरुमा लगानी गर्न सकिने विषयमा महानगरपालिकामा उक्त बैंकका प्रतिनिधिको समुह उपस्थित भएको बैठकमा जनाएको हुदां आवश्यक जग्गा व्यवस्थापन सम्वन्धि संभाव्यता अध्यायन गरि सिफारिस सहित प्रतिवेदन पेश गर्न देहाय अनुसार समिति निर्णय गरि कार्य अगाडि बढाउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. | विनोद कुमार बस्नेत,वडा अध्यक्ष,वडा नं. ३ | संयोजक |
| ख. | देवेन्द्रराज पोखरेल, वडा अध्यक्ष,वडा नं. ४ | सदस्य |
| ग. | कुमार पोखेल, वडा अध्यक्ष,वडा नं. २ | सदस्य |
| घ. | विजय कामत, वडा अध्यक्ष,वडा नं. ६ | सदस्य |
| ङ. | हिरालाल कामत, वडा अध्यक्ष,वडा नं. १२ | सदस्य |
| च. | महिचन्द्र यादव, वडा अध्यक्ष,वडा नं. १४ | सदस्य |
| छ | सम्पत्ति/जिन्सी व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १६**

विराटनगर महानगरपालिका क्षेत्रभित्र शहरिकरण तथा जग्गा उपयोगलाई व्यवस्थित बनाउन भू-उपयोग ऐन २०७६ अनुसार भू-उपयोग योजना निर्माणको प्रकृया अगाडि बढाउने,साथै उक्त ऐन अनुसार व्यवस्था भएको कार्यान्वयन समितिलाई आगामि बैठकवाट पूर्णता दिई बृहतस्तरमा छलफल तथा आवश्यक समन्वय गरि जग्गा बर्गिकरण तथा ऐनले तोकेका अन्य कार्यहरु सम्पन्न गर्ने ।

प्रतिलिपि

०६।१९।०८